नेपाल सरकार
कृषि वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
केन्द्रीय आयोजना व्यवस्थापन एकाइ
कीर्तिपुर, काठमाण्डौं।

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१९

## निजी फलफूल नर्सरी सुदृढिकरण (स्किम ६) कार्यक्रममा आवद्ध हुन आवेदन आह्वान गरिएको बारे सूचना।

**"पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** अनुसार गुणस्तरीय फलफूल बिरुवा उत्पादन गर्न निजीस्तरमा सञ्चालित फलफूल नर्सरीहरुको बिरुवा उत्पादन क्षमतामा परिमाणात्मक तथा गुणात्मक क्षमता वृद्धि गर्नका लागि नर्सरी तथा प्रयोगशाला सहितको नर्सरी पूर्वाधार विकास एवं सुदृढिकरण कार्यक्रम सञ्चालन गर्न स्वीकृत लागतको अधिकतम ५० प्रतिशत अनुदान प्रदान गर्ने कार्यक्रम रहेकाले आयोजना लागु भएको स्थानीय तहहरुमा सेवा दिन सक्ने सम्भावना भएका कानून बमोजिम दर्ता भइ सञ्चालनमा रहेका निजी नर्सरीहरुले आवश्यक कागजात सहित प्रदेशस्थित आयोजना कार्यान्वयन एकाइमा वा केन्द्रीय आयोजना व्यवस्थापन एकाइ, कीर्तिपुरमा सूचना जारी भएको मितिले ३० (तिस) दिनभित्र आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरुको विवरण:**

(क) अनुसूची ११ बमोजिमको निवेदन
(ख) अनुसूची ५२ बमोजिमको व्यवसायिक योजना सहितको प्रस्ताव
(ग) दर्ता/नवीकरण/स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि
(घ) संस्थागत बैठकको निर्णय प्रतिलिपि
(ङ) नर्सरी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
(च) कम्पनीको हकमा प्रवन्धपत्रको प्रतिलिपि तथा अन्यको हकमा फलफूल नर्सरी सञ्चालनको उद्देश्य खुलेको आधिकारिक कागजात
(छ) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
(ज) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपुर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार गरेको सम्झौताको प्रतिलिपि (कम्तीमा १५ वर्ष अवधिको)
(झ) अनुसूची ५३ बमोजिमको प्रतिबद्धता पत्र
(ञ) अनुसूची २० बमोजिम लगानीको क्षमता रहेको स्वघोषणा
(ट) अनुसूची २२ बमोजिमको Environmental Screening Checklist तथा अनुसूची २३ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची,
(ठ) प्रस्तावित पूर्वाधार र औजार उपकरणको हकमा प्रारम्भिक लागत अनुमान
(ड) अनुसूची १९ आवेदकको तर्फबाट आधिकारी प्रतिनिधि भई अनुदान सम्वन्धि कार्य गर्ने व्यक्ति तोकिएको संस्थागत निर्णय सहित उक्त प्रतिनिधिको नागरिकताको प्रतिलिपि र नमूना दस्तखत

नोटः आवेदन तथा अनुसूचीहरुको नमूना आयोजनाको वेवसाईट www.nafha.gov.np बाट download गरी प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि सम्बन्धित प्रदेशको आयोजना कार्यान्वयन एकाइ वा कन्द्रीय आयोजना व्यवस्थापन एकाइको फोन नं.: ०१-५९०५०३७ मा सम्पर्क गर्न सकिनेछ।

**आयोजना निर्देशक**

## कार्यक्रम सम्बन्धमा थप जानकारी प्राप्त गर्न तथा आवेदन पेश गर्न सकिने कार्यालयहरु:

१) केन्द्रीय आयोजना व्यवस्थापन एकाइ-कीर्तिपुर काठमाण्डौ (सम्पर्क नं: ०१५९५०३७/९८५५०५३२१८)

२) आयोजना कार्यान्वयन एकाइ, कोशी प्रदेश - **NAFHA PIU**, मोरङ्ग (सम्पर्क नं: ९८५२०४०१३९)

३) आयोजना कार्यान्वयन एकाइ, बाग्मती प्रदेश - **NAFHA PIU**, मकवानपुर (सम्पर्क नं: ९८५५०८६३६०)

४) कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश/आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश - **NAFHA PIU**, कास्की (सम्पर्क नं: ९८५६००८५६६)

५) आयोजना कार्यान्वयन एकाइ, कर्णाली प्रदेश - **NAFHA PIU**, सुर्खेत (सम्पर्क नं: ९८६१५४८८७२)

६) आयोजना कार्यान्वयन एकाइ, सुदुरपश्चिम प्रदेश - **NAFHA PIU**, डोटी (सम्पर्क नं: ९८४८४३५४६२)

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र
केन्द्रीय आयोजना व्यवस्थापन एकाइ
कीर्तिपुर, काठमाडौं

आयोजना निर्देशक

**अनुसूची ११**

**(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)**

**निजि नर्सरी सुदृढिकरण (स्किम ६) कार्यक्रममा आवद्ध हुन पेश गर्ने निवेदनको ढाँचा**

श्री आयोजना व्यवस्थापन एकाइ
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
कीर्तिपुर काठमाण्डौ

**मार्फत**
आयोजना कार्यान्वयन एकाइ,
……………………..प्रदेश।

मिति-……………..

**विषयः निजि नर्सरी सुदृढिकरण (स्किम ६) कार्यक्रममा आवद्ध हुन निवेदन पेश गरिएको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा तहाँ केन्द्रीय आयोजना व्यवस्थापन एकाइबाट मिति ……………………………. मा प्रकाशित आवेदन आह्वान सम्बन्धि सूचना बमोजिम यस .................................................... ले ………………….. गा.पा/न.पा/उ.न.पा/म.न.पा वडा नं …………. मा ……………………………………………….. कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले आयोजनाको "**पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३**" बमोजिमको **निजि नर्सरी सुदृढिकरण (स्किम ६) कार्यक्रममा** आवद्ध हुन देहायका कागजातहरु सहित यो निवेदन पेश गरिएको छ।

| क.स | संलग्न कागजात | (√) लगाउनुहोस |
|---|---|---|
| १ | अनुसूची ११ बमोजिमको निवेदन | |
| २ | अनुसूची ५२ बमोजिमको व्यवसायिक योजना सहितको प्रस्ताव | |
| ३ | दर्ता/नवीकरण/स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि | |
| ४ | संस्थागत बैठकको निर्णय प्रतिलिपि | |
| ५ | नर्सरी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि | |
| ६ | कम्पनीको हकमा प्रवन्धपत्रको प्रतिलिपि तथा अन्यको हकमा फलफूल नर्सरी सञ्चालनको उद्देश्य खुलेको आधिकारिक कागजात | |
| ७ | करचुक्ता प्रमाणपत्रको प्रतिलिपि | |
| ८ | प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपुर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार गरेको सम्झौताको प्रतिलिपि (कम्तीमा १५ वर्ष अवधिको) | |
| ९ | अनुसूची ५३ बमोजिमको प्रतिबद्धता पत्र | |
| १० | अनुसूची २० बमोजिम लगानीको क्षमता रहेको स्वघोषणा | |
| ११ | अनुसूची २२ बमोजिमको Environmental Screening Checklist तथा अनुसूची २३ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची, | |
| १२ | प्रस्तावित पूर्वाधार र औजार उपकरणको हकमा प्रारम्भिक लागत अनुमान | |
| १३ | अनुसूची १९ आवेदकको तर्फबाट आधिकारी प्रतिनिधि भई अनुदान सम्वन्धि कार्य गर्ने व्यक्ति तोकिएको संस्थागत निर्णय सहित उक्त प्रतिनिधिको नागरिकताको प्रतिलिपि र नमूना दस्तखत | |

**आवेदक**

नाम -

ठेगाना -

आधिकारिक व्यक्तिको नाम -

आधिकारिक व्यक्तिको दस्तखत -

आधिकारिक व्यक्तिको नागरिकता नं / जारी भएको जिल्ला -

आधिकारिक व्यक्तिको सम्पर्क नं -

छाप -

**अनुसूची २०**

**आवेदकको स्वघोषणाको ढाँचा**

श्री पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना,
केन्द्रीय आयोजना व्यवस्थापन एकाइ
कीर्तिपुर काठमाण्डौ।

**विषयः स्वघोषणा सम्बन्धमा।**

प्रस्तुत विषयका सम्बनधमा पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना, आयोजना कार्यान्वयन एकाइद्वारा मिति ……………. मा प्रकाशित **निजि नर्सरी सुदृढिकरण (स्किम ६) कार्यक्रमका** लागि आवेदन आह्वान सम्बन्धी सूचना बमोजिम ………. जिल्ला ………… स्थानीय तह ……… वार्ड नं को ……………………………………………………..…………….. का हामी सदस्यहरु सो कार्यक्रमको लागि आवेदन पेश तथा छनोट भएमा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा निम्नलिखित स्वघोषणा गर्दछु/गर्दछौ।

(क) यस कार्यविधी बमोजिम सञ्चालनलन हुने क्रियाकलापहरुमा वित्तीय अनुशासन र सुशासन कायम राख्नेछौ।

(ख) हाम्रो/मेरो कृषक समूह/सहकारी/फर्म/कम्पनि/ हालसम्म टाट नपल्टेको, कुनै किसिमका आपराधिक गतिविधिहरुमा संलग्न नरहेको, आर्थिक अपचलन नगरेको र विगतमा नेपाल सरकार वा अन्तर्गतका निकायहरुसँग कृषि अनुदान सम्बन्धी सम्झौता परिपालन नगरेर कारवाही नभोगेको तथा अनुदान सहयोग दुरुपयोग नगरेको र नियामक निकायबाट कारवाहीमा नपरेको व्यहोरा घोषणा गर्दछु/गर्दछौं।

(ग) आवेदनमा प्रस्ताव गरिएका क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक पर्ने स्वलगानी गर्न सक्षम रहेको जानकारी गराउँदछु / छौं। साथै आवेदन छनोट भएमा कार्यक्रम सम्पन्न भएपश्चात (स्किम ३, स्किम ४ र स्किम ६ को हकमा बढिमा २ किस्तामा) अनुदान रकम सोधभर्नाको रुपमा प्राप्त हुने व्यवस्था बारे जानकार छु/छौं।

| **क्र.सं.** | **कार्यक्रममा सहभागी हुने सदस्यहरुको नाम थर** | **ठेगाना** | **नागरिकता नं /जारी गरिएको जिल्ला** | **दस्तखत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आधिकारिक व्यक्तिको

नाम, थर:

पद:

दस्तखत:

मिति:

संस्थाको छापः

## अनुसूची २२
## (परिच्छेद ३, परिच्छेद ४, परिच्छेद ५, परिच्छेद ६ र परिच्छेद ७ सँग सम्बन्धित)

### वातावरणीय प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची (Environmental Impact Screening Checklist)

| क्र.सं. | वातावरणीय पक्ष | वातावरणीय असर छ//छैन/ जानकारीछैन् | यदि "छ" भन्ने जवाफ आएमा कस्तो प्रकारको नकारात्मक असर पर्नसक्ने संभावना छ पुष्टयाई लेख्नुहोस् । |
|---|---|---|---|
| १ | यस कार्यक्रमका कारणबाट कुनै भू-क्षय हुने सम्भावना छ ? | | |
| २ | कार्यक्रमका कारणले खेतीयोग्य जमीनको उब्जाऊ क्षमतामा ह्रास हुने सम्भावना छ ? | | |
| ३ | प्रस्तावित कार्यक्रमहरू सञ्चालनका लागि छनोट भएको स्थान अत्यन्त भिरालो जमिनमा भएको वा अधिक माटो उत्खनन कार्य गर्नुपर्ने देखिन्छ? | | |
| ४ | प्रस्तावित कार्यक्रमको कार्यान्वन हुँदा नजिकैको वन तथा वन्यजन्तुको क्षेत्रमा प्रत्यक्ष असर पर्ने जोखिम छ? | | |
| ५ | प्रस्तावित कार्यक्रमको कार्यान्वयनबाट राष्ट्रिय निकुञ्ज, बन्यजन्तु आरक्ष आदि उल्लिखित क्षेत्र बाहेक अन्य वन र वन्यजन्तुको प्रबेश गर्ने क्षेत्रका लागि जोखिम छ? | | |
| ६ | कार्यक्रमका कारणले वरपरको पानीको गुणस्तरमा कुनै किसिमको कमी आउने संभावना छ? | | |
| ७ | प्रस्तावित कार्यक्रमहरूका कारणले गर्दा समुदायले प्रयोग गरिरहेको पानीका मुहानहरू सुक्ने वा तल्लो तटीय क्षेत्र (downstream) मा असर पर्ने वा जोखिम हुने सम्भावना छ? | | |
| ८ | प्रस्तावित कार्यक्रममा मानव स्वास्थमा ह्रास आउने क्रियाकलापहरू संलग्न भएको छ? | | |
| ९ | प्रस्तावित कार्यक्रमका क्रियाकलापहरूले जलवायुजन्य जोखिमसँग अनुकूलन गर्न सहयोग पुर्याउँदछ वा पुर्याउँदैन? | | |
| १० | प्रस्तावित कार्यक्रम सञ्चालन गर्दा कुनै किसिमको जैविक खतरा हुन्छ कि हुँदैन? | | |
| ११ | प्रस्तावित कार्यक्रमले पारिस्थिकीयरूपले महत्वपूर्ण (Ecological Importance) रहेका स्थानीय वनस्पती प्रजातीलाई जोखिम छ? | | |
| १२ | प्रस्तावित कार्यक्रम सञ्चालन गर्दा बाह्य बनस्पति (Exotic Species) भित्र्याईन्छ? | | |
| १३ | प्रस्तावित कार्यक्रम सञ्चालन गर्दा रासायनिक विषादी तथा मलखादहरुको प्रयोगबाट पानीका श्रोतहरुमा प्रदुषण हुने सम्भावना छ? | | |
| १४ | यस कार्यक्रम कार्यान्वयनमा ठुला खालका यन्त्र उपकरणहरु (डोजर आदि) प्रयोग हुन्छन्? | | |
| १५ | कार्यक्रमका क्रियाकलापहरूबाट माथि उल्लेख गरेका बुदाहरू/विषयहरू बाहेक अन्य कुनै प्रकारको वातावरणमा नकारात्मक असर पर्नसक्ने सम्भावना देखिएमा थप प्रष्ट हुने गरी उल्लेख गर्ने। | | |
| १५.१ | | | |
| १५.२ | | | |

**आवेदकको नामः**

**ठेगानाः**

**आधिकारिक व्यक्तीको नामथरः**

**सहिः**

**छापः**

## अनुसूची २३
### (परिच्छेद ३, परिच्छेद ४, परिच्छेद ५, परिच्छेद ६ र परिच्छेद ७ सँग सम्बन्धित)

### सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची (Social Impact Screening checklist)

| क.सं | सामाजिक पक्ष | सामाजिक असर (छ/ छैन/जानकारी छैन ) | यदि "छ" भन्ने जवाफ आएमा कस्तो प्रकारको असर/प्रभाव पर्न सक्ने संभावना छ पुष्ट्याई लेख्नुहोस्। |
|---|---|---|---|
| १ | कार्यक्रम संचालन हुने स्थान वरीपरी आदिवासी//जनजाती समुदायको वसोवास छ? | | |
| २ | कार्यक्रम संचालनबाट आदिवासी//जनजाती समुदायको जिविकोपार्जनमा नकारात्मक असर पर्दछ? | | |
| ३ | कार्यक्रम संचालनबाट आदिवासी//जनजाती समुदायमा प्रतक्ष्य तथा अप्रतक्ष्य रुपमा सकारात्मक प्रभाव पर्दछ? | | |
| ४ | के यस कार्यक्रम कार्यान्वयन गर्दा कुनै परिवारलाई विस्थापन गराउँछ? (विस्थापन गर्छ भने कुल, गरीव, घरमूली महिला भएको तथा आदीवासी/जनजातीको संख्या समेत खुलाउने) | | |
| ५ | के कार्यक्रमका कारणले अरुले आर्जन गरेको सम्पत्तिउसको स्वईच्छाले बाहेकक्षति हुने संभावना रहेको छ? | | |
| ६ | के कार्यक्रम कार्यान्वयन तथा संरचना निर्माण गर्दा लिङ्ग, जात वा जातियताका आधारमा पारिश्रमिक भेदभाव निम्त्याउँछ ? | | |
| ७ | के कार्यक्रमका क्रियाकलापबाट महिला, तथा संकटासन्न समूहमा प्रतिकूल असर पार्दछ ? | | |
| ८ | के कार्यक्रमका क्रियाकलापमा बालश्रमको प्रयोग वा प्रयोगलाई प्रोत्साहन गराउँछ ? | | |
| ९ | के कार्यक्रमको संरचना निर्माणका क्रममा धेरै श्रमिकहरूलाई संलग्न गराई सरुवा रोग फैलाउन सक्छ ? | | |
| १० | के कार्यक्रमको कार्यान्वयनले वरपरका कुनै पनि अन्य गरिव, दलित सीमान्तकृत, भूमीहिन र आदिबासी समुदायको जीविकोपार्जनमा कुनै किसिमको नकारात्मक असर पर्ने संभावना रहेको छ ? | | |
| ११ | के कार्यक्रमले महिलाहरूको कार्यबोझ थप गर्ने संभावना रहेको छ ? | | |
| १२ | के कार्यक्रमको कार्यान्वयनका कारणले समुदाय-समुदाय वीच मतभेद बढाउने वा विवाद आउने संभावना रहेको छ ? | | |
| १३ | के कार्यक्रमका कारणले महिला, आदिवासी, संकटासन्न, दलित, भूमीहिन र सीमान्तकृत समूहको आर्थिक उन्नति गराउन सहयोग हुन्छ? | | |
| १४ | के कार्यक्रमका कारणले महिला, जनजाती आदिवासी तथा संकटासन्न, दलित, भूमीहिन र सीमान्तकृत समूहको स्वास्थ्यमा सुधार हुन्छ? | | |
| १५ | के कार्यक्रम संचालन गर्न जग्गा अधिकरण गर्नुपर्दछ? | | |

**आवेदकको नामः**

**ठेगानाः**

**आधिकारिक व्यक्तीको नामथरः**

**सहिः**

**छापः**

**अनुसूची १९**
**(परिच्छेद ३, परिच्छेद ४, परिच्छेद ५ र परिच्छेद ७ सँग सम्बन्धित)**
**आधिकारिक प्रतिनिधी तोकिएको बारे ।**

श्री पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना,
केन्द्रीय आयोजना व्यवस्थापन एकाइ,
कीर्तिपुर काठामाण्डौ।

मिति....................

**विषयः आधिकारिक प्रतिनिधि तोकिएको बारे।**

प्रस्तुत विषयका सम्बनधमा पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना,आयोजना व्यवस्थापन एकाई कीर्तिपुर काठमाण्डौबाट मिति ...................... मा प्रकाशित **निजि नर्सरी सुदृढिकरण (स्किम ६) कार्यक्रम** सम्बन्धी सूचना बमोजिम .................. जिल्ला ............................ स्थानीय तह ........ वार्ड नं को ................................................................................ को आधिकारिक प्रतिनिधि भई यस कार्यक्रम सञ्चालन अवधी सम्मका कार्य गर्न तपशिल बमोजिमको व्यक्तिलाई तोकेको व्यहोरा जानकारी गराउँदछु।

नाम थर :

ठेगाना :

पदः

सम्पर्क नं :

नागरिकता नं र जारी जिल्ला :

बाबुको नामथरः

ठेगानाः

पति/पत्नीको नामथरः

ठेगानाः

बाजेको नामथरः

नमूना दस्तखत :

**संलग्न कागजातहरु**
१. आधिकारिक प्रतिनिधि तोकिएको संस्थागत निर्णयको प्रतिलिपि वा स्थानीय तहको हकमा कार्यालयको आधिकारिक पत्र
२. आधिकारिक प्रतिनिधिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

**पेश गर्नेकोः**

दस्तखतः

नामः

पदः

संस्थाको छापः

**अनुसूची ५३**
**परिच्छेद ६ सँग सम्बन्धित**

**प्रतिबद्धता पत्र (स्किम ६ सँग सम्बन्धित)**

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना, केन्द्रीय आयोजना व्यवस्थापन एकाइको मिति २०८..../..../...को सूचना अनुसार फलफूल नर्सरीको सुदृढिकरण कार्यक्रममा सहभागिताको लागि व्यावसायिक योजनासहितको निवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनोट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य कम्तिमा पाँच बर्ष निरन्तरता दिई स्विकृत मापदण्ड बमोजिम गुणस्तरीय बिरुवा उत्पादन तथा बिक्री वितरण गर्नेछु/छौं। स्वीकृत व्यावसायिक योजना अनुसार कार्य सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला/बुझाउँला। यसका साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट अनुदान सहयोग प्राप्त नगरेको प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

**इति सम्बत २०८...... साल ...... महिना ......गते रोज ...... शुभम।**

| दायाँ | बायाँ |
|---|---|
| | |

आधिकारिक व्यक्तिको

दस्तखत:

नाम, थरः

ठेगाना :

संस्थाको नाम ठेगाना:

संस्थाको छाप:

अनुसूची ५२
दफा ७ को उपदफा (६) सँग सम्बन्धित

## व्यावसायिक योजना सहितको आवेदनको ढाँचा (स्किम ६ सँग सम्बन्धित)

**१. आवेदक संस्थाको नामः**

**२. ठेगानाः**

**३. आवेदक संस्थाको स्थापना मितिः**

**४. सम्पर्क व्यक्तिको**

(१) नामः (३) ठेगानाः

(२) मोवाईल नं.: (४) ईमेलः

**५. प्रस्तावको संक्षिप्त परिचय**

१. **प्रस्तावक निजी नर्सरीको संक्षिप्त परिचय** *(आवेदकको किसिमः फर्म वा कम्पनी वा समूह वा सहकारी द्वारा सञ्चालित नीजि नर्सरी हो सो खुलाउने, नर्सरी र फलफूल विरुवाको शुरुदेखि हालसम्मको उत्पादन अवस्था, नर्सरी व्यवसायको अनुभव, संस्थाको आर्थिक तथा वित्तिय अवस्था, विद्यमान समस्याहरु)*

२. **व्यावसायीक योजनाको औचित्यता** *(तलका प्रश्नहरुको औचित्यता पुष्टी गर्नुहोस)*

(क) **तपाईंले किन विशेष स्थान, विशेष बाली नै रोज्नुभयो?**

(ख) **तपाई किन यो व्यावसायीक योजना तयार गर्दै हुनुहुन्छ?**

३. **कार्यक्रम संचालन हुने स्थानः**

४. **कार्यक्रम संचालन हुने जग्गाको क्षेत्रफल र स्वामित्व** *(हाल उपयोगमा रहेको र थप विस्तारको लागी उपलब्ध जग्गाको क्षेत्रफल, जग्गाको स्वामित्व, करारमा लिएको भए सो को विवरण उल्लेख गर्ने):*

५. आवेदक संस्थाको बैंक र खाता सञ्चालकको विवरणः

बैंक खाताको नामः

खाता नंः

बैंक/ठेगानाः

६. **प्रस्तावसँग सम्बन्धित कार्यका लागी अन्य कुनै संस्थाबाट वित्तिय सहयोग लिएको विवरण** *(छ वा छैन, यदि छ भने कुन संस्थाबाट के कति सहयोग, कहिले, कुन कार्यका लागी प्राप्त भएको हो? सो खुलाउने)*

७. **प्रस्तावको उद्देश्य** *(प्रस्तावित कार्यको संक्षिप्त तथा विस्तृत उद्देश्यहरु उल्लेख गर्ने):*

८. व्यवसाय सञ्चालन हुने स्थानको विवरण

(१) **जिल्लामा नर्सरी/प्रयोगशालाको वर्तमान अवस्था** *(जिल्लास्तरमा फलफूल नर्सरीको अवस्था, फलफूल विरुवा उत्पादन, क्षेत्रफल, प्रयोगशाला सेवा, प्रमूख बजार, व्यावसायिक बगैंचाको अवस्था)*

(२) **व्यवसाय संचालन हुने स्थानको विवरणहरू** *(फलफूल बगैंचाहरू, उपयुक्तता, स्थान, बजारको अवस्था, आदि)*

(३) **उत्पादन सामाग्रीको आपूर्ति र उत्पादन विक्रिको सम्भावना** *(आवश्यक प्रमुख उत्पादन सामाग्रीहरूको आपुर्ति कहाँबाट गर्नुहुन्छ? आफ्नो उत्पादन बेच्ने लक्षित बजार कुन हो?)*

(४) **लाभग्राहीहरुको विवरण** *(प्रत्यक्षः श्रमिक, साझेदार, आदि र अप्रत्यक्षः बजारिकरणमा संलग्न, उत्पादन सामाग्री आपूर्तिकर्ता, आदि)*

९. मौजुदा भौतिक पूर्वाधारहरुको अवस्थाः

(क) बाटोको पहुँच र अवस्थाः

(ख) विद्युतको उपलब्धताः

(ग) सिंचाई सुबिधाः

१०. मौजुदा नर्सरी पूर्वाधारहरुको अवस्था

| क्र. सं. | नर्सरी संरचनाहरुको विवरण | परिमाण | क्षेत्रफल | निर्माण वर्ष | सहयोगी निकाय* | उपयोगको अवस्था |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*अनुदान प्राप्त गरि निर्माण गरेको हकमा

११.नर्सरीमा हाल उत्पादन भईरहेको बिरुवाको विवरण

| क्र स | फलफूल बालीको नाम | जात | कलमी बिरुवा संख्या | बीजु बिरुवा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१२.नर्सरीमा मौजुदा माउबोट तथा मूलवृत्त (रुटस्टक) को विवरण

(१) माउबोटको विवरण

| क्र. सं. | फलफूल बालीको नाम | जात | बोटको संख्या | बीउ/विरुवाको श्रोत (कहाँबाट ल्याईएको हो?) | उमेर (बर्ष) | माउ बोट स्क्रिन हाउस भित्र रहेको/नरहेको |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(२) मूलवृत्त (रुटस्टक) को विवरण

| क्र. सं. | फलफूल बालीको नाम | जात | बिरुवाको संख्या | श्रोत (कहाँबाट ल्याईएको हो?) | उमेर (बर्ष) | स्क्रिन हाउस भित्र रहेको/नरहेको |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१३.कलमी विरुवा उत्पादनको लागी आवश्यक माउबोट तथा मूलवृत्त (रुटस्टकक) को श्रोत आफैंसँग नभएमा सो को व्यवस्थापन कसरी भई रहेको छ? र प्रस्तावित कार्यको लागी व्यवस्थापन योजना *(पहिचान खुलेको माउबोट, रुटस्टक तथा सायनको श्रोत एवं उपलब्धताको अवस्था र कार्ययोजना)*

१४.अनुदान प्राप्त भएमा वार्षिक रुपमा थप उत्पादन हुने बिरुवाको विवरण

(१) कलमी तथा बीजु विरुवा थप उत्पादन

| क्र स | फलफूलबालीको नाम | जात | कलमी बिरुवा संख्या | बीजु बिरुवा संख्या | मूलवृत्त (रुटस्टक) विरुवाको संख्या | कैफियत (रुटस्टकको जात उल्लेख गर्ने) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(२) मूलवृत्त (रुटस्टक) विरुवा थप उत्पादन

| क्र. सं. | मूलवृत्त (रुटस्टक) प्रयोग गरिने फलफूलबालीको नाम | मूलवृत्त (रुटस्टक) जात | मूलवृत्त (रुटस्टक) विरुवा उत्पादन संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१५.प्रस्तावित क्रियाकलापहरु तथा लागत अनुमान

(१) फलफूल नर्सरी सुदृढिकरण कार्यक्रम तर्फ

| क्र. सं. | क्रियाकलाप विवरण | क्षेत्रफल/ प्रकार* | एकाइ | परिमाण | अनुमानित लागत (रु.) | | | प्रारम्भिक डिजाईन तथा लागत अनुमान संलग्न रहेको /नरहेको |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आवेदकले ब्यहोर्ने | आयोजनाको तर्फबाट माग भएको अनुदान | कूल जम्मा | |
| क | पूँजिगत खर्च तर्फ | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| ख | चालु खर्च तर्फ | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| कुल जम्मा (क+ख को जम्मा) | | | | | | | | |

*प्रकार भन्नाले जस्तैः वातानुकुलित संरचना आदि

(२) प्रयोगशाला सुदृढिकरण कार्यक्रम तर्फ

| क्र. सं | क्रियाकलाप विवरण | आकार/ क्षेत्रफल/नाप | परिमाण | अनुमानित लागत (रु.) | | | प्रारम्भिक डिजाईन तथा लागत अनुमान संलग्न रहेको /नरहेको |
|---|---|---|---|---|---|---|---|
| | | | | आवेदकले ब्यहोर्ने | आयोजनाको तर्फबाट माग भएको अनुदान | कूल जम्मा | |
| क | पूँजिगत खर्च तर्फ | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| ख | चालु खर्च तर्फ | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| कुल जम्मा (क+ख को जम्मा) | | | | | | | |

१६.प्रस्तावित कार्य सँग सम्बन्धित कार्यरत जनशक्तिको विवरण

| क्र.स. | जनशक्ति विवरण | संख्या | योग्यता/ तालिम/ अनुभव* | वार्षिक कार्य दिन* |
|---|---|---|---|---|
| १ | प्राविधिक जनशक्ति | | | |
| २ | कलमी गर्ने जनशक्तीको | | | |
| ३ | अन्य भए खुलाउने | | | |
| जम्मा | | | | |

** पुष्ट्याई हुने कागजात संलग्न राख्ने*

१७.प्रयोगशाला स्थापना/सुदृढिकरण भएपश्चात आयोजनाको उपलब्धीमा पुर्याउने योगदान

(१) स्वस्थ विरुवा उत्पादन

| क्र. सं. | उपलब्धी | फलफूलबालीको नाम | जात | श्रोत (कहाँबाट ल्याईएको हो?) | उत्पादन संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्वस्थ रुटस्टक उत्पादन | | | | | |
| २ | टिस्यूकल्चर विरुवा उत्पादन | | | | | |
| ३ | स्वस्थ माउवोट उत्पादन | | | | | |
| ४ | अन्य भए खुलाउने... | | | | | |

(२) **प्रयोगशाला सेवा प्रदान** *(प्रस्तावित प्रयोगशाला सुदृढिकरण पश्चात उपलब्ध हुने सेवाको बारेमा विस्तृत रुपमा उल्लेख गर्ने)*

१८.बजार विश्लेषण

(१) **हालको बजार र माग** *(हाल प्रस्तावित फलफूल विरुवा (विजु तथा कलमी विरुवा, मूल वृत्त, विउ, सायन, टिस्यू कल्चर, प्रयोगशाला सेवा आदी) बजारमा कहाँबाट आईरहेको छ वा कसरी प्राप्त भईरहेको छ, वार्षिक माग र आपूर्ति अवस्था, बजार मूल्य, मूल्य उतार-चढाव आदि)*

(२) **प्रतिस्पर्धा गर्ने रणनीतिहरू** *(आफ्नो उत्पादनलाई अरू भन्दा बढी प्रतिस्पर्धी बनाउनको लागि तपाईं कस्तो रणनीति अवलम्बन गर्नुहुन्छ?)*

१९.प्रस्तावित व्यवसायका अवसर, समस्या तथा चुनौति र जोखिम व्यस्थापन

(१) अवसरहरू के के छन्? र तपाईंले उपयोग गर्न सक्ने बाह्य सकारात्मक पक्षहरूको वर्णन गर्नुहोस्।

(२) समस्या तथा चुनौतिहरु (नकारात्मक पक्षहरू जुन तपाईंसँग सामना गर्ने रणनीतिहरू हुन आवश्यक छ)

(३) **जोखिम व्यवस्थापन** *(यदि नर्सरी/प्रयोगशाला संचालनबाट स्थानीय वातावरणमा पर्न सक्ने जोखिम न्यूनीकरण तथा प्रयोगशालाबाट उत्सर्जन हुन सक्ने जैविक तथा अन्य फोहोरको व्यवस्थापन र अन्य कुनै जोखिमहरू छन् भने तपाइँ कसरी व्यवस्थापन गर्नुहुन्छ?)*

२०.वित्तीय पक्षहरू

(१) कुल आवश्यक लगानीः

(क) पुँजिगत तर्फः रु.

(ख) चालू तर्फः रु.

(२) लगानीका श्रोतहरु

(क) स्व लगानी (ऋण समेत) रु.:

(ख) अनुदानः रु.

(३) आम्दानी **(Revenue)** विवरण

(४) नाफा र नोक्सान **(Profit and loss)**

(५) नगद प्रवाह **(Cash flow)**

(६) खुद वर्तमान मूल्य **(Net present value)**

(७) लाभ लागत अनुपात **(Benefit cost ratio)**

(८) प्रतिफलको आन्तरिक दर **(Internal rate of return-IRR)**

(९) लगानी उठ्ने अवधि (वर्षमा):

(१०) पार विन्दु **(Break Even Point)**

**२१.प्रस्तावित कार्यको दिगोपनाको आधारहरु** *(प्रस्तावित कार्यको निरन्तरता, आवश्यक लगानीको सुनिश्चितता, आर्थिक, सामाजिक, वातावरणीय एवं प्राविधिक रुपले स्विकार्य हुने आधारहरु उल्लेख गर्ने)*

**बब. कार्यक्रम सञ्चालन हुने स्थानको प्रचलित स्थानबाट बाटो खुल्ने नक्सा र GPS position**

२३.अन्य शान्दर्भिक जानकारीहरु *(केही भएमा उल्लेख गर्ने)*

२४.आवेदकको स्वघोषणाः

यस व्यवसायिक योजना सहितको प्रस्ताव पेश गर्ने फाराममा उल्लेखित सवै बिवरणहरू ठिक साँचो हो। म/हामी यसमा उल्लेखित विषयहरूका बारेमा बुझ्न आयोजना व्यवस्थापन एकाइलाई पूर्ण अधिकार रहेको जानकारी गराउँदछौ। यसमा उल्लेखित विषयहरूमा कहि केहि फरक पर्न गएमा हाम्रो प्रस्ताव अस्वीकृत हुन्छ भन्ने पूर्ण जानकारी रहेको व्यहोरा अवगत गराउन चाहान्छु/चाहान्छौं ।

आवेदक

नाम र थरः

ठेगानाः

मोवाईल नं.:

ईमेलः

संस्थाः

छापः

मितिः